

# दोर्दी-१ जलविद्युत खबर

सर्ज ट्याङ्क सम्म जाने बाटो फराकिलो गराइँदै

कार्तिक २०७४, अंक ११

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा इन्जिनियर लगायतका अन्य कर्मचारीको बसोबासका लागि निर्माण गरिएको RCC क्याम्प हाउसको सर्म्पूण कार्य मंसीरको पहिलो हप्तासम्ममा सकिने छ । लमजुङको किर्तीपुरमा राखिने सव-स्टेसनको लागि नेपाल विद्युत प्राधिकरणले जग्गा खरिद र निर्माणका लागि टेण्डर आह्वान गरिसकेको छ । सुरुङ्गमार्ग निर्माणका लागि आवश्यक विष्फोटक पदार्थको खरिद तथा ढुवानीको अनुमति पनि गृह मन्त्रालयबाट प्राप्त भइसकेको छ ।



*सर्जट्याङ्क पुग्ने पहुँचमार्गमा ग्याबियन वाल लगाइँदै*

साथै पेनस्टक पाइप विच्छ्याइने स्थलका लागि सर्भे भइरहेको छ । सरकारी जग्गा र वन क्षेत्रको उपयोगका लागि आवश्यक स्वीकृति पनि वन तथा भू-संरक्षण मन्त्रालयबाट प्राप्त गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । त्यस्तै विद्युत गृह रहने स्थल, हेडवर्कसको डिस्याण्डर वेशिन रहने स्थल र पावर हाउस रहने स्थलमा आंशिक रुपमा Excavation कार्य गरिसकिएको छ ।



*हेर्डवर्कसमा Excavation कार्य गरिँदै*



*क्याम्प हाउसमा झ्याल राखिँदै*

यस आयोजनाको Civil Works, Tunnel Works, Hydro mechanical Works र Electro mechanical Works को टेन्डर आह्वान गरिसकिएको छ । साथै ठेकेदार चयनसँगै Tunnel निर्माण कार्य आगामी मंसीरमा सुरु गर्ने लक्ष्य लिइएको छ । यस आयोजनाको Construction Power का लागि अनुमति लिने कार्य पनि अन्तिम चरणमा पुगेको छ । यस आयोजनाको mitigation रकम विषेश गरी ग्रामिण सडकको स्तरोन्नती र ग्रामिण विद्युतीकरणमा प्रयोग भएको छ ।



*पेनस्टक पाइप विच्छाउने स्थलको सर्भे गरिदैं*

यस कम्पनीको एक प्रमुख लगानीकर्ता राधी विद्युत कम्पनी लिमिटेडले सर्वसाधारणलाई सार्वजनिक शेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डवाट कार्तिक ७, २०७४ मा स्वीकृति प्राप्त गरेको छ । यसको लागि राधी विद्युत कम्पनी लिमिटेडलाई धेरै बधाई छ । राधी विद्युत कम्पनी जस्तो प्रतिष्ठित कम्पनीले रणनीतिक लगानीकर्ताको रुपमा दोर्दी-१ जलविद्युत आयोजनामा लगानी गरेकोमा दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड गौरवान्वित छ ।



*पेनस्टक पाइप विच्छाउने स्थलको सर्भे गरिदैं*



*सर्जट्याङ्क क्षेत्रको पहुँचमार्गमा ग्याबियन वाल लगाईदैं*


**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**